# स्थानीय जनताका आँखामा जडीबुटीः एक विश्लेषण

**कमल भण्डारी**

जडीबुटी भन्ने शब्द संस्कृत भाषाबाट प्रतिपादन भएको नेपाली शब्द हो जुन जडी (जरा) र बुटी (औषधी) दुई शब्द मिलेर बनेको छ । नेपाली चलनचल्तीमा यो कुनै नौलो शब्द होइन । प्राचीन समयदेखि नै जडीबुटीको महत्व र यसको प्रयोग अथाह रुपमा हुँदै आएको पाइन्छ । भौगोलिक बनौटको कारणले पनि नेपाल जडीबुटीको धनी देशको रुपमा परिचित छ । एक अध्ययन अनुसार हिमालदेखि तराईसम्म १००९१ वनस्पतिका प्रजातीहरु पाइन्छन् जसमध्ये ७०० प्रजातीहरुको औषधिय महत्व भएको कुरा पत्ता लागी सकेको छ । यी मध्ये २३८ किसिमका वानस्पतिक प्रजातीहरुको रासायनीक परीक्षण समेत भैसकेको छ (जडिबुडी एवम् गैह्रकाष्ठ वन पैदावार विकास नीति, २०६१) । यति धेरै किसिमका जडीबुटीहरु पत्ता लगाइसकिएका छन् भने अझै अनगीन्ति जडीबुटीहरु पत्ता लगाउन बाँकी नै छन् । देशका कतिपय ठाउँमा जडीबुटीबाट पैसा कमाउने उद्देश्यले सामुदायिक वन (सा.व.) होस् वा निजी जग्गामा यसको संरक्षण तथा व्यवस्थापन गर्ने लहर चलेको पाइन्छ । यसै गरी जडीबुटीको व्यवस्थापनका बारेमा सरकारी तथा गैह्र सरकारी सङ्घ संस्थाहरु पनि उत्साहका साथ लागिपरेका छन् । ठूला ठूला गोष्ठी, सेमिनारहरुमा जडीबुटीबाट गरिबी न्यूनीकरण गर्ने, धेरै फाइदा लिने, विदेशी पैसा स्वदेशमा भित्र्याउने आदि कुराको चर्चा परिचर्चा चल्न थालेका छन् । जडीबुटीबाट आम्दानी हुन्छ भन्ने कुरामा कसैको पनि द्विविधा छैन तर वास्तविक रुपमा जसले यसको उत्पादन तथा संकलन गर्छ उसैले उचित मूल्य पाउन नसकेको गुनासाहरु सुन्नमा पाइन्छन् । दोलखा र नवलपरासी जिल्लाका जडीबुटी उत्पादन गर्ने किसानहरुका अनुभवमा जडीबुटीबाट के कति फाइदा भएको छ, यस क्षेत्रमा के कस्ता समस्याहरु छन् भन्ने सम्बन्धमा उहाँहरुसँग भएको कुराकानीको आधारमा यो लेख तयार पारिएको छ ।

## घट्ना अध्ययन – १

### “चिराइतो खेतीभन्दा आलु खेतीबाट फाइदा”

यो भनाइ दोलखा जिल्ला जिरी-१ खावाका मान ब. कार्कीको हो । उनी वैशाखेश्वरी सा.व. उपभोक्ता समूहका उपाध्यक्ष हुन् । उनले परम्परागत खेतीभन्दा जडीबुटीबाट बढी फाइदा हुन्छ भन्ने कुरा विभिन्न संस्थाहरुबाट थाहा पाए र विगत तीन वर्षदेखि आफ्नो मकै, आलु फल्ने जग्गामा चिराइतो खेती सुरु गरेका छन् । उनको जग्गा समुद्र सतहबाट २,५०० मि. को उचाइमा पर्दछ । यो ठाउँ चिराइतोको लागि अति राम्रो छ भन्ने कुरा उनले लगाएको अर्थात उत्पादन गरेको चिराइतोबाट थाहा हुन्छ । उनले पहिलो वर्ष डाबर नेपालसँग बिरुवा किनेर लगाएका थिए । चिराइतोबाट फाइदा लिन तीन बर्षसम्म कुर्नु पर्ने हुन्छ । तत्कालीन समयमा कार्कीले एक केजी चिराइतोको बीउलाई चौध हजारसम्म पर्ने कुरा थाहा पाएका थिए । त्यसैको हिसाब किताब गरेर उनले पनि महङ्गो मूल्यमा बिउ किनेर बेर्ना तयार गरी आफ्नो जग्गामा चिराइतो खेती गर्दै आएका छन् । उनका अनुसार पहिलो पटक उत्पादन भएको चिराइतो प्रति धार्नी पाँच सय रुपयाँ सम्ममा विक्री भएको थियो । उक्त चिराइतो विक्री गर्न कतै जानु परेको थिएन । उनलाई चिराइतोबाट फाइदा हुनेरहेछ भन्ने कुरामा विश्वास भयो र अझ धेरै मात्रामा खेती गर्ने जाँगर चलेर आयो । दास्रो वर्ष नै चिराइतोको भाउ पहिलेको भन्दा कम भएकाले उनले पहिलो साल जति मूल्य पाउन सकेनन् र पनि अर्को साल केही बढ्ला कि भन्ने आशाले अझ मेहनत गरेर चिराइतो लगाएका थिए । उनले गत साल मात्र ३ केजी चिराइतोको बीउ सङ्कलन गरेका थिए । पहिले जे जस्तो कुरा सुने पनि उनको चिराइतोको बीउ किन्ने मान्छे कोही आएनन् । उक्त बीउ अहिले पनि त्यति कै छ । केही बीउबाट आफैले वेर्ना तयार गरेर वैशाखेश्वरी सा.व. मा प्रति विरुवा रु २ का दरले विक्री गरेका थिए । यसपाली उनले अन्दाजी १५० केजी चिराइतो उत्पादन गरेका छन् तर उक्त चिराइतो प्रति के. जी. रु १०० मा पनि विक्री हुन सकेको छैन । उनी भन्छन्- काठमाण्डौ लगेर विक्री गर्न पनि कहाँ कस्ले

किन्छ भन्ने कुरा आफूलाई थाहा छैन । यो सबै स्थिति देखेर कार्की दिग्दार मान्दै भन्छन "चिराइतो खेती भन्दा आलुबाट फाइदा हुने रहेछ । आलु विक्री भएन भने पनि छाक टार्न सकिने थियो" । त्यसैले यो सालबाट चिराइतोलाई मासेर पुनः आलु खेती गर्ने कुरा कार्की बताउँछन् ।

## घट्ना अध्ययन – २

### "पाँच लाखको लगानी तर फाइदा भने जिरो"

आजभन्दा ठीक पाँच वर्ष पहिले दोलखा जिल्ला मीर्गे-९ यार्साका पदम दहाल आफ्नी आमालाई क्यान्सर रोगले सताए पछि औषधीको खोजीमा लागेका थिए । सो क्रममा धेरै मान्छेहरुसँग भएको कुराकानी अनुसार क्यान्सरको राम्रो औषधी लौठ सल्ला हो भन्ने थाहा पाए तर उपचार गर्दा गर्दै आमाको निधन भयो । त्यसपश्चात् उनमा आफ्नो आमालाई बचाउन नसक्ता पनि अरुका आमाहरुलाई यो रोगबाट बचाउन सक्छु की भन्ने सोचले लौठ सल्लाको व्यापक खेती गर्ने विचार पलाएर आयो । यस्तै अवस्थामा डावर नेपालबाट लौठ सल्लाको राम्रो बजार भएको कुरा थाहा पाएर नर्सरी बनाउन सुरुआत गरेको कुरा दाहाल बताउँछन् । उनले लौठ सल्लासँगै अन्य जडीबुटी जस्तो चिराइतो, कनचिर्नो, अर्गेली आदिका विरुवाहरु पनि नर्सरीमा तयार गरेका छन् । उनले हालसम्मको हिसाब किताब गर्दै भने करिव पाँच लाख रुपैयाँसम्मको लगानी परेको छ तर उत्पादित विरुवाहरुको विक्री भने भएको छैन । उनले जिल्लामा विभिन्न व्यक्ति, सङ्घ संस्थाहरुसँग सम्पर्क गरे तर कतै पनि बजार पाउन सकेका छैनन् । गत साल नेपाल स्वीस सामुदायिक वन परियोजना र वैशाखेश्वरी सा.व. उपभोक्ता समूहले करिब पचास हजार रुपयाँ बराबरको अर्गेली र चिराइतोका विरुवा किनी दिएको बाहेक अन्य कतै विक्री नभएको कुरा दाहाल बताउँछन् । दाहालले यसको राम्रो विक्री हुने ठाउँ कतै पाएका छैनन् तर पनि उनको जाँगर भने हराएको छैन । उनी कतै न कतै विरुवा विक्री गर्न पाइन्छ होला भन्ने आशामै छन् ।

## घट्ना अध्ययन – ३

### "आयुर्वेदिक औषधी बनाउँछु तर विक्री हुदैन "

यस्तै गुनासो छ नवलपरासी जिल्लाको सुन्दरी सा.व. उपभोक्ता समूह अमरापुरी ४ का सदस्य रामदत्त पौडेलको । उनी एक स्थानीय वैद्य हुन् । उनले सा.व.बाट विभिन्न जडीबुटी सङ्कलन गरेर आयुर्वेदीक औषधी बनाउने गर्दछन् । आफ्नो मुख्य पेशा कृषि भएतापनि सहायक पेशाको रुपमा आयुर्वेदिक औषधी बनाउने काम गर्दछन् । त्यसमा मुख्य गरी उनले त्रिफला बनाउने काम गर्दछन् । त्रिफला भन्नाले हर्रो, वर्रो र अमलाबाट बनाएको धुलोलाई बुझिन्छ । उनका अनुसार त्रिफला गाउँघरमा सामान्य विक्री बाहेक अन्यत्र विक्री गर्ने वजार पाइएको छैन । उनलाई आयुर्वेदिक औषधीहरु बनाउने ज्यादै इच्छा छ तर यस सम्वन्धी थप ज्ञान पाउन नसकेको गुनासो गर्दछन् । यदि बजारको व्यवस्था भएमा कृषि पेशा भन्दा यसैबाट बढी फाइदा हुने कुरा पौडेलको छ । उनले गत साल एउटा वर्रोको बोटबाट तीन मुरी दाना सङ्कलन गरेका थिए तर कतै बजार पाएनन् । यदि घरमा नै जडीबुटी किन्न व्यापारी आउने हो भने सा.व. बाट धेरै सङ्कलन गर्न सकिने दावी पौडेलको छ । गाउँमा मान्छेहरु पैसा तिरेर जडीबुटी किन्न चाहँदैनन् । बिना पैसा दियोभने मात्र खान्छन् । जडीबुटी प्रति मान्छेहरुको त्यति विश्वास पनि छैन । यसमा अझै गत साल एक जना वैद्यले ब्लड प्रेसर भएका बिरामीलाई सर्पगन्धाको जरा खान दिंदा बिरामीको मृत्यु भएकोले गर्दा गाउँमा जडीबुटी खान मानिसहरु डराएको कुरा गाउँलेहरुको भनाइ छ तर जडीबुटीबाट रोगको जरैदेखि निर्मूल हुने र पछि पुनः रोग नलाग्ने कुरा पौडेल बताउँछन् ।

## घट्ना अध्ययन – ४

### "उचित मूल्य पाएमा जडीबुटीबाट फाइदा छ "

नवलपरासी जिल्लाको चौतारी सा.व. उपभोक्ता समूहका वर्तमान अध्यक्ष राधाकृष्ण कोइरालाले धान उत्पादन हुने जग्गामा लेमन ग्रास, तुलसी आदि लगाएका छन् । उनले अन्नबाट भन्दा जडीबुटीबाट धेरै फाइदा हुने कुरा विभिन्न सरकारी तथा गैह्र सरकारी संस्थामा कामगर्ने कार्यकर्ताहरुबाट थाहा पाएका थिए । अहिले उनले उत्पादन गरेका जडीबुटी बिक्री नभएर घाटा भैरहेको छ । तुलसी चियाको राम्रो बजार पाइन्छ भनेर सुरु गरेको खेतीले पनि बजार खासै नपाएको उनको गुनासो छ तर पनि राम्रो बजारको व्यवस्था भएमा अरु खेतीभन्दा जडीबुटीबाट फाइदा हुने कुरा उनी बताउँछन् ।

## घट्ना अध्ययन – ५

### "बजार नपाएकोले जडीबुटी लगाउन छोड्यौं"

नवलपरासी जिल्लाको रजहर गा.वि.स. ३ का जनताले तुलसी बिक्री हुन्छ भन्ने कुरा गैह्र सरकारी संस्थाका केही कर्मचारीबाट थाहा पाए । उनीहरुले आफ्नो घरवरपर खेर गइरहेको जग्गामा तुलसी लगाए र पहिलो बर्ष प्रति केजी पैंतीस रुपयाँका दरले नारायणगढ बजार स्थित एउटा पसलमा विक्री गरेका थिए । यसबाट फाइदा होला भन्ने आकांक्षा लिएर तुलसी खेतीलाई बढाए तर बजार पाएनन् । उत्पादन गरेको तुलसी खेर गयो र बजारको कारणले खेती छोडेको कुरा गाउँलेहरु बताउँछन् । उनीहरुका अनुसार उत्पादन भएको तुलसी किन्ने जिम्मा कसैले लिन्छ भने हामी जति पनि उत्पादन गर्न सक्छौं । यस्तै धेरै सा.व. हरुमा जडीबुटीको कुरा गर्दा वनमा के के जडीबुटी छन् पहिचान हुन नसकेको र यस प्रति कसैले चासो नदेखाएको कुरा बताउँछन् ।

## अन्त्यमा

यी माथिका घट्नाहरुले के देखाउँछन् भने गाउँलेहरु जडीबुटी उत्पादन, व्यवस्थापन तथा विक्री गर्नको लागि धेरै प्रयत्नरत छन् तर यसको उचित निकास भने पाइएको देखिदैन । यसका विविध कारणहरु छन् जुन तलको बक्स १ मा दिइएको छ ।

**बक्स १: जडीबुटीबाट स्थानीय जनताले फाइदा नपाउनुका कारणहरु**

(क) स्थानीय जनतामा जडीबुटीको मूल्य सम्वन्धी सूचनाको कमी हुनु,
(ख) उत्पादित वस्तु कहाँ विक्री हुन्छ भन्ने कुरा थाहा नहुनु,
(ग) संगठनात्मक बजार व्यवस्थाको कमी हुनु,
(घ) बजार भाउ केही थोक व्यापारीको हातमा निर्भर हुनु,
(ङ) स्थानीय स्तरमा जडीबुटी सङ्कलक तथा उत्पादन गर्नेहरुको सञ्जाल नहुनु,
(च) जडीबुटी सम्वन्धी प्रसोधन गर्ने ज्ञानको अभाव हुनु,
(छ) बजारको स्थिति नबुझी जडीबुटीको खेती गरिनु,
(ज) जडीबुटी सम्बन्धी प्रचार-प्रसारको कमी हुनु,
(झ) स्थानीय जनताको जडीबुटी बजारसम्म पुग्ने पहुँच नहुनु,
(ञ) स्थानीय स्तरमा आयुर्वेदिक औषधी प्रति विश्वास कम हुनु,
(ट) भैरहेको व्यापारिक प्रक्रियाबाट सङ्कलकहरुले मुनाफाको भाग नपाउनु
(ठ) स्थानीय वैद्यहरुमा वैज्ञानिक ज्ञानको अभाव हुनु,
(ड) स्थानीय वैद्यहरुमा भएको ज्ञान, सीप यथेष्ट नहुनु तथा व्यवस्थित किसिमले प्रयोग गर्न नसक्नु,
(ढ) जडीबुटी उत्पादक तथा सङ्कलकलाई यस सम्वन्धी नीति नियम थाहा नुहुनु आदि ।

यहाँ मूलभूत समस्या भनेको बजार नै देखिएको छ । बजार भाउ राम्रो छ भनेर जडीबुटी लगाएको पाइन्छ तर उत्पादन भएपछि उचित मूल्य नपाएर जडीबुटी उत्पादकहरु छडपटाएका छन् । बजारको कारणले गर्दा नै स्थानीय जनतामा जडीबुटी उत्पादन गर्ने काममा लाग्न हौसला बढ्नुको सट्टा उनिहरु उल्टै हतोत्साहित हुन पुगिरहेका छन् । उपभोक्ताको यस्तो समस्या कसले बुझ्ने हो ? एकातिर बाहिरी बजारमा जडीबुटीको माग बढेको सुन्नमा आउँछनुका साथै सरकारी तथा गैह्र सरकारी सङ्घ संस्थाहरु गाउँ-गाउँमा जडीबुटीको फाइदाबारे कयौं पाठ पढाउदै हिंडेका देखिन्छन् भने अर्कातर गाउँका किसानले उत्पादन गरेको जडीबुटीले उचित बजार पाइरहेको छैन । त्यस्तै गरेर कतिपय सा.व. मा के-के जडीबुटी छन् भन्ने कुरा पहिचान हुन सकेको छैन । जडीबुटीको पहिचान, व्यवस्थापन र प्रयोग सम्वन्धी विषयहरु विद्यालयमा पठन पाठनका लागि पाठ्यक्रममा पनि समावेश गरेको पाइंदैन । गाँउघरका बुढापाका तथा बैद्यहरुले बाहेक कसैले पनि जडीबुटीको औषधी बनाएर सेवन गरेको पाइंदैन ।

स्थानीय जनताले उत्पादन तथा सङ्कलन गरेका जडीबुटीको बाहिरी बजारको अध्ययन गरी उचित मूल्य पाउने संयन्त्र निर्माण गर्नु पर्ने देखिन्छ । यसको लागि स्थानीय स्तरमा जडीबुटी सङ्कलन गर्नेहरुको सञ्जाल निर्माण गरी बजारसम्म पुऱ्याउन यस क्षेत्रमा लागि परेका निकायले पहल गर्नुपर्दछ । बाहिरी बजारको लागि नेपालमा पाइने महत्वपूर्ण जडीबुटीहरुको प्रचार-प्रसार गरिनु उतिकै खाँचो छ । त्यसैगरी जडीबुटीको उत्पादनदेखि बाहिरी बजारसम्म पुऱ्याउँदा गुणस्तरको ख्याल गर्नु पर्ने देखिन्छ किनकि विदेशमा पुऱ्याइएका केही जडीबुटीको गुणस्तरमा प्रश्न आउन थालेको सुनिन्छ । स्थानीय जनतालाई जडीबुटी खेतीतर्फ प्रोत्साहन गर्नलाई बेला बेलामा तालिम, गोष्ठी, अध्ययन भ्रमणको आयोजना गरी नयाँ ज्ञान, प्रविधिको विकास गर्न सके उनीहरुमा अझ हौसला बढ्ने देखिन्छ । सबैभन्दा महत्वपूर्ण कुरा भने दिगो बजारको खोजी नै हो । नेपालमा बर्षेनी करोडौं रुपैयाँको महँगो औषधी आयत गरिन्छ तर यी औषधी बन्ने कच्चा पदार्थ नेपालबाट नै बाहिर जाने गरेको पाइन्छ । यसलाई स्थानीय ज्ञान, सीप र वैज्ञानिक ज्ञानलाई मिलाएर आयुर्वेदी औषधी प्रसस्त बनाउन सकेमा करोडौ रुपैयाँ जोगाउनुका साथै विदेशी मुद्रा आर्जन गर्न सकिने संभावनाहरु देखिन्छन् ।

## सर्न्दभ सामाग्री

जडीबुटी एवम् गैह्रकाष्ठ वन पैदावार विकास नीति- २०६१, वन तथा भू-संरक्षण मन्त्रालय ववरमहल, काडमाडौं ।

(लेखक फरेष्टएक्सन काठमाडौंमा कार्यरत हुनुहुन्छ)